पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल ।

☎ : ५३२०२२/५३४८००(Ext.113)
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@puexam.edu.np
foarts@puexam.edu.np

मितिः २०७९।०२।१६ गते

श्री क्याम्पस प्रमुखज्यू,
M.A.M.C.J./ M.M.T./ M.D.C./ B.L.A.S./ B.I.D./ B.S.W./ B.J.M.C. / B.M.T. अध्यापन गराउने सम्पूर्ण कलेज/क्याम्पसहरू ।

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०७९ सालमा सञ्चालन हुने कला संकाय अन्तर्गत M.A.M.C.J./ M.M.T. / M.D.C. शैक्षिक कार्यक्रमको **दोस्रो तथा चौथो सेमेष्टर र** B.L.A.S./ B.I.D./ B.S.W./ B.J.M.C. / B.M.T. शैक्षिक कार्यक्रमको **दोस्रो, चौथो, छैठौं तथा आठौं सेमेष्टर को नियमित तथा आंशिक तर्फ** त्यस क्याम्पस/कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई **परीक्षा आवेदन फाराम भराई नियमानुसारको परीक्षा शुल्क यस कार्यालयको नविल बैंक लि.को CALL A/C 0706010310803 मा** मिति २०७९।०३।०५ गते भित्र जम्मा गर्नुहुन र सक्कल बैक भौचर (Customer copy) तथा परीक्षा फाराम क्याम्पस/कलेजको प्रतिनिधि मार्फत यस कार्यालयमा मिति २०७९।०३।०९ गते भित्र उपलब्ध गराउनुहुन जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान................. यसै पत्र साथ संलग्न गरी पठाइएको छ । साथै, तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालना गरि/गराई दिनुहुन समेत जानकारी गराइएको छ ।

**तपसिलः**

१. परीक्षार्थीहरुले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरु, र अन्य विवरण समेत पूर्णरुपले रुजू गरी Batch छुट्टयायी परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक Batch को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्ने छ ।
२. **परीक्षा आवेदन फाराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।**
३. आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा दिने विषयको नाम लेखी सोको पछाडी कोष्टमा प्रयोगात्मक/लिखित कुन हो फाराममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र मार्कसिटको प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
४. सम्बन्धित क्याम्पस/कलेजहरुले परीक्षा आवेदन फाराम पठाउदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subject-wise Data) खुलाई अनिवार्यरुपले Batch अनुसार संलग्न गरी पठाउनु पर्ने छ ।
५. परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
६. परीक्षा आवेदन फारामको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।
७. परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा विद्यार्थीलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।
८. आन्तरिक मूल्याङ्कन को प्राप्ताङ्क कलेजले Online Entry गर्नुपर्ने छ । आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा वस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
९. **परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| विवरण | स्नातकोत्तर | स्नातक |
|---|---|---|
| १. नियमित, दोस्रो सेमेष्टर (२०२० समुह देखि) | रु.२१००।- | रु.१५००।- |
| २. नियमित, दोस्रो, चौथो, छैठौं र आठौं सेमेष्टर | रु.१६००।- | रु.११००।- |
| ३. आंशिक १ विषय | रु.६००।- | रु.५००।- |
| ४. आंशिक २ विषय | रु.११००।- | रु.८००।- |
| ५. आंशिक २ भन्दा बढि विषय | रु.१६००।- | रु.११००।- |
| ६. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | १०००।- | |
| ७. विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडि सम्म) | २०००।- | |
| ८. विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडि सम्म) | ३०००।- | |

.............................
नि. परीक्षा नियन्त्रक